निर्वाचन आयोग
Email -ec.deo.nawalparasi.bp@gmail.com
deo.nawalparasieast@election.gov.np

# जिल्ला निर्वाचन कार्यालय

नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

## सूचना ! सूचना !! सूचना !!!

श्री सम्बन्धित सरोकारवालाहरु सबै,

निर्वाचन आयोगद्धारा निर्धारित तपसिल बमोजिमको कार्यक्रम सम्बन्धित पालिकाको केन्द्रमा सञ्चालन हुन गईरहेको हुँदा मतदाता नामावलीमा नाम समावेश गर्न योग्य नेपाली नागरिकहरुलाई आफ्नो नाम दर्ता गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ । मतदाता नामावलीमा नाम समावेश गर्न आवश्यक पर्ने कागजातहरु यसै सूचनासाथ संलग्न राखिएको छ ।

"मतदाता नामावली संकलन विशेष कार्यक्रम, २०७८"
"संचालन हुने स्थान र मिति"

| गा.पा. न.पा. | देखि | सम्म | जम्मा दिन |
|---|---|---|---|
| बुलिङटार गा.पा. | २०७८।०८।१७ | २०७८।०९।०२ | १५ दिन |
| बौदीकाली गा.पा. | २०७८।०८।१७ | २०७८।०९।०२ | १५ दिन |
| हुप्सेकोट गा.पा. | २०७८।०८।१७ | २०७८।०९।०२ | १५ दिन |
| विनयी त्रिवेणी गा.पा. | २०७८।०८।१७ | २०७८।०९।०२ | १५ दिन |
| गैडाकोट न.पा. | २०७८।०९।०५ | २०७८।०९।१९ | १५ दिन |
| देवचुली न.पा. | २०७८।०९।०५ | २०७८।०९।१९ | १५ दिन |
| मध्यविन्दु न.पा. | २०७८।०९।०५ | २०७८।०९।१९ | १५ दिन |

मतदाता नामावलीमा नाम दर्ता गर्न आवश्यक पर्ने कागजातहरु

**नागरिकतामा भएको ठेगानामा नाम दर्ता गर्न**

- सक्कल नागरिकताको प्रमाण पत्र र सो को फोटोकपी

**नागरिकतामा भएको ठेगानामा भन्दा फरक स्थानमा नामावली दर्ता गर्न**

- सक्कल नागरिकताको प्रमाण पत्र
- नागरिकताको प्रतिलिपी
- बसाई सराईको प्रमाणपत्र र सोको प्रतिलिपी
- विवाहित महिलाको हकमा विवाह दर्ताको प्रमाणपत्र तथा सोको प्रतिलिपी

पुनश्चः मतदाता नामावली सार्ने, त्रुटी सच्याउने लगायतका अद्यावधिक सम्बन्धी कार्यहरु जिल्ला निर्वाचन कार्यालय बाट मात्र सञ्चालन हुने ब्योहोरा जानकारी गराइन्छ । साथै २०७८।०८।१७ गतेबाट अन्य जिल्लाको नागरिकतामा भएको ठेगानामा नामावली नाम दर्ता गर्ने (बाह्य जिल्ला दर्ता) कार्य समेत यसै जिल्ला निर्वाचन कार्यालयबाट सञ्चालन हुने ब्योहोरा समेत जानकारी गराइन्छ ।

८.४ स्थानीय तहको केन्द्रस्तरमा कार्यक्रम कार्यान्वयनमा आवश्यक सहयोग तथा समन्वय गर्न एक **स्थानीय सहयोग, समन्वय तथा प्रचारप्रसार समिति** रहनेछ ।

(क) स्थानीय तहको प्रमुख/अध्यक्ष - संयोजक

(ख) वडा अध्यक्षहरू - सदस्य

(ग) प्रतिनिधि सभा तथा सम्बन्धित प्रदेश सभामा प्रतिनिधित्व गर्ने राजनीतिक दल तथा स्थानीय स्तरमा क्रियाशील राजनीतिक दलका स्थानीय प्रतिनिधिहरू - सदस्य

(घ) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ङ) स्थानीय सुरक्षा निकायको प्रमुख - सदस्य

(च) दर्तास्थल व्यवस्थापक (निर्वाचन सम्पर्क व्यक्ति) -सदस्य सचिव

समितिले बैठकमा विषयसँग सम्बन्धित व्यक्तिलाई आमन्त्रण गर्न सक्नेछ । समितिको बैठक आवश्यकता अनुसार बस्नेछ । समितिको बैठक कार्यक्रम अवधिभर कम्तीमा दुईपटक बस्ने व्यवस्था समितिका सदस्य सचिव (दर्तास्थल व्यवस्थापक) ले मिलाउनु पर्नेछ। समितिको पहिलो बैठकमा नामावली सङ्कलन कार्यक्रमको बारेमा वडाभित्रका सबै योग्य मतदातालाई जानकारी गराउने गरी प्रचारप्रसार सम्बन्धमा छलफल गर्ने र दोस्रो बैठकमा सङ्कलन कार्यलाई व्यवस्थित तरिकाले सञ्चालन गर्ने सम्बन्धमा छलफल गरी आवश्यक सहयोग/समन्वयको व्यवस्था मिलाउनु पर्नेछ । समितिको बैठकका लागि आवश्यक चिया/खाजाको खर्चको व्यवस्थापन निर्वाचन कार्यालयले गर्नेछ । चिया खाजा बापतको रकम निर्वाचन कार्यालयले दर्तास्थल व्यवस्थापक तथा समितिका सदस्य सचिव मार्फत भुक्तानी गर्नेछ । समितिको काम कर्तव्य र अधिकार अनुसूची-१८ बमोजिम हुनेछ ।

उपरोक्तानुसार गठन हुने विभिन्न समितिहरूको लागि आवश्यक पर्ने खर्चको विवरण अनुसूची-१९ मा उल्लेख गरिएको छ ।

## ९. अनुगमन

कार्यक्रम सञ्चालन र कार्यान्वयनको लागि केन्द्र तथा जिल्लास्तरबाट अनुगमन हुनेछ । केन्द्रबाट अनुगमन टोली खटाउने कार्यको संयोजन मतदाता नामावली तथा निर्वाचन सञ्चालन शाखाले गर्नेछ । केन्द्रबाट खटिने अनुगमन टोलीले अनुगमन पश्चात् निर्धारित ढाँचामा अनुगमन प्रतिवेदन पेश गर्नु पर्नेछ । यसका साथै केन्द्रबाट माननीय निर्वाचन आयुक्त तथा सचिव/सहसचिवबाट समेत आवश्यकता अनुसार अनुगमन गर्न सकिनेछ ।

जिल्ला स्तरमा जिल्ला कार्यक्रम व्यवस्थापन समितिका पदाधिकारी तथा निर्वाचन कार्यालयका कर्मचारीहरूबा आवश्यकता अनुसार अनुगमन गर्ने व्यवस्था सम्बन्धित प्रदेश/जिल्ला निर्वाचन अधिकारीले मिलाउनुपर्नेछ जिल्लास्तरमा अनुगमन गर्ने पदाधिकारी तथा कर्मचारीले तोकिएको ढाँचामा अनुगमन प्रतिवेदन तयार ग

अनुसूची -१८

निर्वाचन आयोग नेपाल

## मतदाता नामावली सङ्कलन विशेष कार्यक्रम, २०७८

**स्थानीय सहयोग, समन्वय तथा प्रचारप्रसार समितिको काम कर्तव्य र अधिकारः**

(क) दर्तास्थल छनोट तथा व्यवस्थापन,

(ख) दर्ता कर्मचारीलाई आवश्यक सहयोग गर्ने,

(ग) सहायक दर्ता कर्मचारी र सहयोगी कर्मचारीको व्यवस्थापनमा सहयोग गर्ने,

(घ) दर्तास्थलमा आवश्यक पर्ने फर्निचर, खानेपानी, शौचालय, विद्युत आपूर्ति लगायतको व्यवस्थापन गर्ने गराउने,

(ङ) वडास्तरसम्म कार्यक्रमको प्रचार प्रसार गर्ने,

(च) दर्ता कार्यको लागि आवश्यक समन्वय गर्ने,

(छ) दर्ता किटको सुरक्षाको आवश्यक प्रवन्ध मिलाउने,

अनुसूची १०

निर्वाचन आयोग, नेपाल

## मतदाता नामावली सङ्कलन विशेष कार्यक्रम, २०७८

## सहायक दर्ता कर्मचारीको काम, कर्तव्य र अधिकार

सहायक दर्ता कर्मचारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) मतदाता दर्तास्थलको तयारी र व्यवस्थापन गर्न सहयोग पुऱ्याउने,

(ख) मतदाता दर्तास्थलमा विवरण सङ्कलन गर्न आउने मतदाताको फाराम भर्ने,

(ग) खण्ड (ख) बमोजिम फाराम भरेका व्यक्तिहरुको विवरण दर्ता किताबमा चढाउने,

(घ) खण्ड (ग) बमोजिम नाम चढेका मतदातालाई दर्ता कर्मचारी समक्ष दर्ताका लागि पठाउने,

(ङ) दर्ता कर्मचारीले फारामको विवरण कम्प्यूटरमा प्रविष्ट गरिसकेपछि उक्त फारामलाई फाइलिङ्ग गरी सुरक्षित राख्ने,

(च) दर्ता कर्मचारीको काममा सहजिकरण गर्ने,

(छ) कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि प्रमुख नाम दर्ता अधिकारीले तोकिदिएको अन्य कार्य गर्ने ।

अनुसूची -

निर्वाचन आयोग, नेपाल

मतदाता नामावली सङ्कलन विशेष कार्यक्रम, २०७८

## जिल्ला स्तरीय कार्यक्रम व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार

जिल्ला स्तरीय कार्यक्रम व्यवस्थापन तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) कार्यक्रम कार्यान्वयन गर्न जिल्ला स्तरमा आवश्यक जनशक्तिको व्यवस्थापनमा सहजीकरण गर्ने,

(ख) मतदाता शिक्षा सम्बन्धी कार्यक्रम सञ्चालनमा सहजीकरण गर्ने,

(ग) दर्तास्थलमा आवश्यक पर्ने सामग्रीहरुको व्यवस्थापन गर्न सहयोग पुऱ्याउने,

(घ) कार्यक्रमको सुपरीवेक्षण, अनुगमन, समन्वय र सहजीकरण गर्ने,

(ङ) संचालित कार्यक्रमको समग्र सुरक्षा व्यवस्थापन गर्ने,

(च) आयोगबाट प्राप्त निर्देशन बमोजिमको कार्य गर्ने गराउने ।

अनुसूची -१८

निर्वाचन आयोग, नेपाल

मतदाता नामावली सङ्कलन विशेष कार्यक्रम, २०७८

## स्थानीय सहयोग, समन्वय तथा प्रचारप्रसार समितिको काम कर्तव्य र अधिकारः

(क) दर्तास्थल छनोट तथा व्यवस्थापन,

(ख) दर्ता कर्मचारीलाई आवश्यक सहयोग गर्ने,

(ग) सहायक दर्ता कर्मचारी र सहयोगी कर्मचारीको व्यवस्थापनमा सहयोग गर्ने,

(घ) दर्तास्थलमा आवश्यक पर्ने फर्निचर, खानेपानी, शौचालय, विद्युत आपूर्ति लगायतको व्यवस्थापन गर्ने गराउने,

(ङ) वडास्तरसम्म कार्यक्रमको प्रचार प्रसार गर्ने,

(च) दर्ता कार्यको लागि आवश्यक समन्वय गर्ने,

(छ) दर्ता किटको सुरक्षाको आवश्यक प्रबन्ध मिलाउने,

मात मोड_Anex 4-15 कार्तिक ११ [Compatibility Mode] - Word (Product Activation Failed)
Review View Tell me what you want to do...
Wikipedia | Online Video | Hyperlink | Bookmark | Cross-reference | Comment | Header | Footer | Page Number | Text Box | Quick Parts | WordArt | Drop Cap | Signature Line | Date & Time | Object
Add-ins | Media | Links | Comments | Header & Footer | Text

अनुसूची ६

निर्वाचन आयोग नेपाल

## मतदाता नामावली सङ्कलन विशेष कार्यक्रम २०७८

## दर्ता स्थल व्यवस्थापकको काम,कर्तव्य र अधिकार

दर्ता स्थल व्यवस्थापकको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) निर्वाचन कार्यालयबाट स्वीकृत कार्यतालिका बमोजिम आफ्नो स्थानीय तहमा कार्यक्रम सञ्चालन हुने अवधिको बारेमा पूर्व जानकारी लिइ तयारि अवस्थामा बस्ने,

(ख) मतदाता दर्ता स्थल निर्माण गर्ने स्थान तथा कोठाको व्यवस्थापन गर्ने,

(ग) दर्तास्थलमा आवश्यक पर्ने फर्निचर, विधुत सप्लाई, खानेपानी, शौचालय आदिको उचित व्यवस्थापन गर्ने,

(घ) नामावली सङ्कलन कार्यमा प्रयोग हुने सामग्रीहरूको सुरक्षामा विशेष ध्यान दिने,

(ङ) दर्ता कर्मचारीसंग समन्वय गरी दर्तास्थलमा आवश्यक पर्ने थप व्यवस्थापनमा सहजिकरण गर्ने,

(च) आफ्ना स्थानीय तहका सबै जनप्रतिनिधि, सबै राजनीतिक दलका प्रतिनिधि तथा आम मतदाताहरूलाई स्थानीय तहको केन्द्रमा नामावली सङ्कलन कार्यक्रम सञ्चालन हुने अवधिका बारेमा जानकारी गराउने,

(छ) कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि प्रमुख नाम दर्ता अधिकारीले तोकेका अन्य कार्य गर्ने ।

सम्पर्क नं.

९८५४०८५४११ (लाल प्रसाद शर्मा भुसाल- जिल्ला निर्वाचन अधिकारी)

९८४१८०३२२२ (सुदिप पाण्डे - कम्प्युटर अपरेटर)

## खण्ड (ख)

## बजेट विनियोजनको आधार तथा खर्चको मापदण्ड

१. जनशक्ति परिचालन सम्बन्धी बजेट :

| सि. नं. | परिचालन हुने जनशक्ति | पारिश्रमिक | कैफियत/पुष्टयाई |
|---|---|---|---|
| १ | दर्ता कर्मचारी | प्रति कार्यदिन रु. १२००।- | दर्ता कर्मचारीमा रा.प.अनं. प्रथम श्रेणी वा सो सरहको योग्यता भएको व्यक्ति खटिने भएकोले सोही स्तरको कर्मचारीले पाउने दैनिक भ्रमण भत्ता बराबरको रकम दैनिक पारिश्रमिक वापत छुट्याइएको । |
| २ | दर्तास्थल व्यवस्थापक | प्रति कार्यदिन रु. ५००।- | सम्बन्धित स्थानीय तह अन्तर्गत कार्यरत कर्मचारी कार्यालय समय बाहेक पुरै समय कार्यक्रममा खटिने हुँदा खाना तथा खाजा वापत रकम छुट्याइएको । |
| ३ | सहायक दर्ता कर्मचारी | प्रति कार्यदिन रु. ५००।- | सम्बन्धित स्थानीय तह अन्तर्गत कार्यरत कर्मचारी कार्यालय समय बाहेक पुरै समय कार्यक्रममा खटिने हुँदा खाना तथा खाजा वापत रकम छुट्याइएको । |
| ४ | दर्तास्थल सहयोगी | प्रति कार्यदिन रु. ३००।- | सम्बन्धित स्थानीय तह अन्तर्गत कार्यरत कर्मचारीले आफ्नो कार्यालयको कामको अतिरिक्त यो कार्यक्रममा समेत खटिनुपर्ने भएकोले खाजा वापत रकम छुट्याइएको । |

क. दर्ता कर्मचारी एक स्थानीय तहबाट अर्को स्थानीय तहमा जाँदा बाटोमा लाग्ने समय तथा यातायात खर्च समेतलाई सम्बोधन गर्न दर्ता कर्मचारीलाई देहाय बमोजिमको थप रकम प्रदान गर्ने ।

- ✓ हिमाली जिल्लाका एक गाउँपालिका तथा नगरपालिकाबाट अर्को गाउँपालिका तथा नगरपालिकामा जाँदा बढीमा २ कार्यदिन बराबरको रकम ।
- ✓ पहाडी जिल्ला र भित्री मधेसका एक गाउँपालिका तथा नगरपालिकाबाट अर्को गाउँपालिका तथा नगरपालिकामा जाँदा बढीमा १.५ कार्यदिन बराबरको रकम ।
- ✓ काठमाण्डौ उपत्यका तथा तराईका एक गाउँपालिका तथा नगरपालिकाबाट अर्को गाउँपालिका तथा नगरपालिकामा जाँदा बढीमा १ कार्यदिन बराबरको रकम ।

एउटा स्थानीय तहबाट अर्को स्थानीय तहमा जाँदा लाग्ने समयलाई औसतमा रकम छुट्याइएको छ । निर्वाचन अधिकारीले आवश्यकता र औचित्य हेरी उपरोक्त दिनमा नवढ्ने गरी नियमानुसार उक्त रकम प्रदान गर्नु पर्नेछ ।

हिमाली, पहाडी, भित्रि मधेश, तराई तथा काठमाण्डौ उपत्यकाका जिल्ला भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को अनुसूची-१ मा उल्लेख भए बमोजिमका जिल्लाहरू सम्झनपर्छ ।

नेपाल सरकार

# संघीय मामिला तथा तथा सामान्य प्रशासन मन्त्रालय

## संघीय मामिला शाखा

सिंहदरबार, काठमान्डौ ।

प.सं.२०७८/७९
च.नं. ४९

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

मितिः२०७८/०८/१९

श्री स्थानीय तहहरु (७५३) सबै।

<u>बिषयः- "मतदाता नामावली सङ्कलन विशेष कार्यक्रम"मा आवश्यक सहयोग र समन्वय सम्बन्धमा ।</u>

निर्वाचन आयोग, नेपालको प.सं. २०७८/७९/३०, मिति २०७८।०८।१७ को मतदाता नामावली संकलन कार्यमा आवश्यक सहयोग र समन्वयका लागि सबै स्थानीय तहहरुलाई लेखिएको पत्र यसैसाथ संलग्न छ । उपर्युक्त पत्रमा लेखिए अनुसार ६३७ स्थानीय तहको केन्द्रमा उल्लेखित मितिमा हुन गइरहेको "मतदाता नामावली सङ्कलन विशेष कार्यक्रम" मा तहाँबाट आवश्यक सहयोग र समन्वय गरिदिनुहुन आदेशानुसार अनुरोध छ ।

(किरण थापा)
शाखा अधिकृत

**बोधार्थ:**

श्री निर्वाचन आयोग नेपाल,
कान्तिपथ, काठमाण्डौं ।
श्री सूचना तथा प्रविधि शाखा-
Website मा upload गरिदिनु हुन ।

# निर्वाचन आयोग, नेपाल
# ELECTION COMMISSION, NEPAL

मिति : २०७८।०८।१७

प.सं. Ref: २०७८/०७९/१२०

श्री स्थानीय तह (७५३ सबै) ।

विषय : मतदाता नामावली सङ्कलन विशेष कार्यक्रम सम्बन्धमा ।

प्रस्तुत सन्दर्भमा देशभरका ७५३ स्थानीय तहमध्ये निर्वाचन कार्यालय र जिल्ला प्रशासन कार्यालय रहेका ७७ स्थानीय तह तथा ४० वटा इलाका प्रशासन कार्यालय रहेका ३९ स्थानीय तह गरी जम्मा ११६ स्थानीय तहमा नियमित रूपमा मतदाता नामावली सङ्कलन कार्य भइरहेको छ । उक्त स्थानहरू बाहेक ६३७ वटा स्थानीय तहको केन्द्रमा मिति २०७८।०८।१७ देखि मिति २०७८।०९।१९ सम्म हिमाली एवम् पहाडी जिल्लामा १० दिन र तराई एवम् काठमाडौं उपत्यकाका जिल्लाहरूमा १५ दिनसम्म हुन गइरहेको मतदाता नामावली सङ्कलन विशेष कार्यक्रममा आम मतदाताको सहज पहुँचको व्यवस्थापनका लागि देहायका विषयहरूमा सहयोग, समन्वय र सहजीकरणका लागि अनुरोध गर्दछु ।

<u>मतदाता नामावली सङ्कलन विशेष कार्यक्रममा स्थानीय तहबाट सहयोग हुनुपर्ने विषयहरू</u> :

१. जिल्ला निर्वाचन कार्यालयले माग गरे अनुसार नाम दर्ता स्थल, दर्ता स्थल व्यवस्थापक, सहायक नाम दर्ता अधिकारी र सहयोगी कर्मचारीको व्यवस्था मिलाउने,
२. स्थानीय सहयोग, समन्वय तथा प्रचार प्रसार समितिको बैठक बसी मतदाता नामावली दर्ता कार्यक्रमको प्रचार प्रसार, समन्वय, सहजीकरण लगायतका आवश्यक सहयोग उपलब्ध गराउने,
३. समय समयमा मतदाता नामावली सङ्कलन विशेष कार्यक्रमको सुपरिवेक्षण, अनुगमन र सहजीकरण गर्ने,
४. गाउँपालिका र नगरपालिका भित्रका सम्पूर्ण वडा, गाउँ, बस्ती र समुदाय स्तरमा सूचना संप्रेषण गरी तोकिएको समयमा नाम दर्ता गराउन पहल गर्ने र अग्रसरता लिने साथै यस कार्यमा टोल सुधार समिति, उपभोक्ता समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक, विद्यार्थी, नागरिक समाजका संस्थाहरू आदिलाई आवश्यकता अनुसार परिचालन गर्ने,
५. गाउँपालिका वा नगरपालिकाको केन्द्र रहेको सम्बन्धित पालिकाको कार्यालय भवन वा सो भवन नभएमा सो भवनको आसपासको उपयुक्त स्थलमा मतदाता नाम दर्ता स्थल तोकी उक्त स्थानमा आवश्यक फर्निचर, विद्युत, टेलिफोन, खुल्ला स्थान सहित सबै नागरिकहरूको आवागमन हुन सक्ने व्यवस्था मिलाउने,


कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं. (९७७-१) ४२२८६६३ । फ्याक्स: (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-mail: info@election.gov.np, Website: www.election.gov.np

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प.सं. च.नं. Ref:

६. स्थानीय प्रशासनसँग समन्वय गरी मतदाता नाम दर्ता स्थलमा आवश्यक सुरक्षा व्यवस्था मिलाउने,

७. गाउँपालिका र नगरपालिकाका स्थानीय रेडियो एवम् एफ एम रेडियोमा सञ्चालित कार्यक्रममा मतदाता नामावली दर्ता विशेष कार्यक्रम सम्बन्धी सूचना, जानकारी र जानकारीमूलक सामग्री प्रशारण गरी प्रचार प्रसारलाई व्यापक बनाउने,

८. मतदाता नामावलीमा नाम छुट भएका नामदर्ता गर्न आउने जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, गर्भवती एवम् सुत्केरी महिलाहरूलाई प्राथमिकता दिई मतदाता दर्ता गर्न सहज पहुँच हुने वातावरण बनाउने,

९. मतदाता दर्ता स्थलमा खानेपानी, शौचालय तथा संभव भएसम्म स्तनपान कक्षको व्यवस्था मिलाउने,

१०. मतदाता नामावली दर्ता स्थलका भौतिक तथा सामाजिक पूर्वाधारलाई लैङ्गिक तथा अपाङ्गता मैत्री बनाई सबैको समान पहुँच सुनिश्चित हुने व्यवस्था मिलाउने,

११. गम्भीर प्रकृतिका अशक्त, दीर्घरोगी, जेष्ठ नागरिकलाई मतदाता नामावली दर्ता स्थलसम्म सहज पहुँचका लागि विशेष व्यवस्था मिलाउने,

१२. मतदाता नामावलीमा नाम दर्ता गर्न आउने गम्भीर प्रकृतिका अशक्त, दीर्घरोगी, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, गर्भवती एवम् सुत्केरी महिलाहरूलाई विश्राम कक्षको व्यवस्था मिलाउने,

१३. तेस्रो लिङ्गीहरूका लागि मतदाता नामावलीमा नाम दर्ता गर्न वातावरण सहज बनाई निजहरूको पहिचान सहितको विवरण सङ्कलन तथा दर्ताको व्यवस्था गर्ने,

१४. मतदाता नामावली सङ्कलन विशेष कार्यक्रम सम्बन्धी मिति, समय र स्थान सहितको सूचना तथा जानकारी आम नागरिकलाई दिनको लागि आवश्यक व्यवस्था मिलाउने,

१५. मतदाता नामावली सङ्कलन स्थलमा स्वास्थ्य सुरक्षाका मापदण्ड (मास्क तथा सेनिटाइजरको व्यवस्था र प्रयोग, साबुनपानीको व्यवस्था, भौतिक दूरी कायम गर्ने, स्वास्थ्य कर्मीको व्यवस्था गर्ने आदि) को पालना गर्ने व्यवस्था मिलाउने ।

(गोकर्णमणि दुवाडी)
सचिव


कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं. (९७७-१) ४२२८६६३ । फ्याक्स: (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal. Tel. (977-1) 4228663, Fax. (977-1) 4229227
E-mail: info@election.gov.np; Website: www.election.gov.np

# निर्वाचन आयोग, नेपाल
# ELECTION COMMISSION, NEPAL

च.नं. Ref: २०७८/०७९/३१

मिति : २०७८।०८।१७

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।

विषय : मतदाता नामावली सङ्कलन विशेष कार्यक्रम सम्बन्धमा ।

प्रस्तुत सन्दर्भमा मिति २०७८।०८।१७ देखि मिति २०७८।०९।१९ सम्म हुन गइरहेको मतदाता नामावली सङ्कलन विशेष कार्यक्रमको प्रभावकारी व्यवस्थापनका सम्बन्धमा स्थानीय तहहरूको सहयोग, समन्वय र सहजीकरणका लागि सबै स्थानीय तहहरूलाई पठाईएको संलग्न पत्र परिपत्र हुनका लागि निर्देशानुसार अनुरोध छ ।

(नम्रता चुँडाल)
शाखा अधिकृत